बैठक नं. ०१
आ.व:०८०-८१
मितिः २०८०/०४/२१
समयःबिहान ०८:०० बजे

आज मिति २०८० साल श्रावण २१ गते मायादेवी गाउँपालिका रुपन्देहीका अध्यक्ष श्री ध्रुव नारायण चौधरी ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

**तपशिलः-**

| | |
|---|---|
| अध्यक्ष श्री ध्रुवनारायण चौधरी | अध्यक्ष |
| उपाध्यक्ष श्री नर्वदा देवी उपाध्याय | उपाध्यक्ष |
| वडा अध्यक्ष श्री पल्टु लोध | सदस्य |
| वडा अध्यक्ष श्री अग्नु यादव | सदस्य |
| वडा अध्यक्ष श्री मोहम्मद रफिक खाँ | सदस्य |
| वडा अध्यक्ष श्री अरुण कुमार तिवारी | सदस्य |
| वडा अध्यक्ष श्री तेज नारायण पाल | सदस्य |
| वडा अध्यक्ष श्री अवधराज यादव | सदस्य |
| वडा अध्यक्ष श्री शैलेन्द्र कुमार पाण्डेय | सदस्य |
| वडा अध्यक्ष श्री चोक बहादुर थापा | सदस्य |
| श्री सकुन्तला मल्लाह | सदस्य |
| श्री सुनिता पासिन | सदस्य |
| श्री माधुरी धोबिन | सदस्य |
| श्री लक्ष्मी कुर्मी | सदस्य |
| श्री शुसिला वि.क. | सदस्य |
| श्री सोहन प्रसाद रजक | सदस्य |
| श्री सुरेश भण्डारी | सदस्य-सचिव |

**आमन्त्रित**

| | |
|---|---|
| श्री नारायण प्रसाद लामिछाने | – शाखा अधिकृत (सिक्षा, युवा तथा खेलकुद) |
| श्री राम प्रसाद भट्टराई | – लेखा अधिकृत |
| श्री शशी ढुङ्गाना | – कृषि विकास अधिकृत |
| श्री पम्फा पन्थ | – अधिकृत छैठौं |
| श्री निरन्जन गुप्ता | – सहायक पाचौं |
| श्री वसन्त बस्याल | - कम्प्युटर अपरेटर |
| श्री रोहितयादव | – ईन्जिनियर |
| श्री पुरुषु थापा | – [illegible] |

प्रमाणित मितिः-२०८०/०४/२१

प्रस्तावहरुः-

१. अध्ययन विदाको सिफारिस सम्बन्धमा ।

२. मायादेवी स्वास्थ्य संस्था दर्ता, स्थापना तथा नविकरण निदेशिका २०८० सम्बन्धमा ।

३. संयुक्त आवास भवन र सामूहिक आवास भवन सम्बन्धी कार्यविधि, २०८० सम्बन्धमा ।

४. मायादेवी गाउँपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० सम्बन्धमा ।

५. सुरक्षित नागरिक आवासको कार्य सम्पादनको अन्तिम मिति सम्बन्धमा ।

६. हाट बजारको ठेक्का लगाउने सम्बन्धमा ।

७. हालसम्मका बक्यौता कर अशुली तथा सेवा प्रवाह सम्बन्धमा ।

८. आर्थिक सहायता सम्बन्धमा ।

९. रसायनिक मलखाद बिक्रेता डिलरसिप सम्बन्धमा ।

१०.गिट्टी, ढुङ्गा तथा वालुवाको बिक्री आदेश सम्बन्धमा ।

११.विद्यालयको कक्षा थप सम्बन्धमा ।

१२.वार्षिक समिक्षाको मिति सम्बन्धमा ।

१३.नदिकटान सम्बन्धमा ।

१४.शिक्षक दरवन्दी मिलान सम्बन्धमा ।

१५.विविध सम्बन्धमा ।

निर्णयहरुः-

**निर्णय नं.१.** प्रस्ताव नं.१ को सन्दर्भमा छलफल गर्दा यस यस मायादेवी गाउँपालिका कृषि विकास शाखाका अधिकृत (सातौं तह) मा कार्यरत श्री शशी ढुङ्गानाले पेश गर्नु भएको निवेदन अनुसार निजको दक्षिण कोरिया स्थित काङ्गवन नेशनल युनिभर्सिटीमा KOICA छात्रवृति सहित MASTER IN AGRICULTURAL ECONOMICS अध्ययनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट मनोनयन तथा युनिभर्सिटीबाट छनौट भई आमन्त्रण पत्र समेत प्राप्त भई सकेको र सोही अनुसार मितिः२०८०/०५/०१ गते देखी मितिः२०८१/१२/१५ सम्मको लागि तलवी अध्ययन विदा स्वीकृतीको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.६७० मितिः२०८०/०२/१८ को परिपत्रअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय दाङमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.२.** प्रस्ताव नं.२ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिका अन्तर्गत संचालन गरिने स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण प्रकृयालाई सहजीकरण गर्नको लागि स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण निर्देशिका २०८० पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३.** प्रस्ताव नं.३ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिकाको संयुक्त आवास भवन र सामूहिक आवास भवन सम्बन्धी कार्यविधि २०८० पारित गर्ने निर्णय गरियो ।

प्रमाणित मितिः-२०८०/०४/२१

**निर्णय नं.४.** प्रस्ताव नं.४ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०८० पारित गर्ने निर्णय गरियो।

**निर्णय नं.५.** प्रस्ताव नं.५ को सन्दर्भमा छलफल गर्दा सुरक्षित नागरिक आवासको कार्य सम्पादन २०८०/०५/३० गते भित्र सम्म प्राविधिक लगत ईस्टिमेट अनुसार कार्य सम्पन्न गरी अन्तिम किस्ता लिई कार्य सम्पन्न गर्ने गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं.६.** प्रस्ताव नं.६ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिका अन्तर्गत संचालित बेथरी हाटवजारको न्यूनतम रकम रु. तिन लाख पचपन्न हजारमा ठेक्का लगाउने र यस गाउँपालिका भित्रको संकलन भएको कवाडी मालवस्तु गाउँपालिका बाहिर निकासीको आय ठेक्का लगाउनको लागि आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं.७.** प्रस्ताव नं.७ को सन्दर्भमा छलफल गर्दा मायादेवी गाउँपालिका अन्तरगत रहेका सम्पुर्ण ब्यापार ब्यवसायहरुको सम्पुर्ण प्रकारका करहरु चुक्ता गरे पश्चात (ब्यवसायकर र सम्पत्ती कर) मात्र थप सेवा प्रवाह गर्ने तथा बक्यौता मालपोत कर, सम्पत्ती कर, घर बहालकर, घर धुरी कर लगायत सम्पुर्ण कर चुक्ता गरे पश्चात मात्र अन्य सिफारिस तथा सेवा प्रवाह लगायतका काम सम्पादन गर्ने निर्णय गरियो।

**निर्णय नं.८.** प्रस्ताव नं.८ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिका, वडा नं. २को वडा सदस्य श्री गायत्री धवललाई ब्रेन ट्यूमर भएको र निजको आर्थिक अवस्था समेत कमजोर भएकोले रु.३०,०००/- (अक्षरुपिः- तिस हजार) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.०९.** प्रस्ताव नं.०९ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिका वडा नं. ७मा संचालित गौतमबुद्ध फलफूल तथा तरकारी कृषक सहकारी संस्था लिमिटेडलाई रसायनिक मलखाद बिक्रेता अनुमती पत्र प्रदान गरी सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं.१०.** प्रस्ताव नं.१० को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिकाबाट मितिः२०८०/०२/०४ ठेक्का सम्झौतालाई गुरुवानिया घाट स्वाभिमान कन्ट्रक्सन, शुद्धोधन, महुवारी घाट जय श्री विष्णु विल्डर्सले घाट गद्दी गरी संकलन भएको नदी जन्य पदार्थको नाँपजाँच भई सकेकोमा सोही बमोजिम सम्बन्धीत व्यवसायीलाई बिक्री आदेश दिने निर्णय गरियो।

**निर्णय नं.११.** प्रस्ताव नं.११ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिका शिक्षा समितिको मितिः२०८०/०४/१७ गतेको बैठकबाट निर्णय भए बमोजिमका आ.व.०८०/८१ मा तपसिलका विद्यालयहरुलाई तपसिल बमोजिम कक्षा थप गर्ने निर्णय गरियो।

प्रमाणित मितिः-२०८०/०४/२१

तपसिलः-

- सुण्डी मा.वि.,मायादेवी-०४ - कक्षा १२
- गैरकट्टी मा.वि., मायादेवी-०७ - कक्षा १२
- जनजागृति मा.वि., मायादेवी-०१ - कक्षा १०
- जनचेतना आ.भू., मायादेवी-०८ - कक्षा ०९

**निर्णय नं.१२.** प्रस्ताव नं.१२ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिकाको वार्षिक समिक्षा मितिः२०८० साल भाद्र महिनाको तेस्रो हप्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३.** प्रस्ताव नं.१३ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिका अन्तर्गत तिनाउ र दानव नदीले खेतीयोग्य जमिन कटान गरेकोले सो-संरक्षणको लागि आवश्यक बजेट उपलब्ध गराउन जनताको तटबन्ध, बुटवललाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४.** प्रस्ताव नं.१४ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिकाको शिक्षा समितिको मितिः२०८०/०४/१७ मा निर्णय भए बमोजिम यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुको दरबन्दी मिलान, प्र.अ. जिम्मेवारी हेरफेर (काज व्यवस्थापन) लगायतका कार्य अगाडि बढाउन कार्यालयले आवश्यक कार्यविधि (मस्यौदा) तयार गरी पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५.** प्रस्ताव नं.१५ को सन्दर्भमा छलफल गर्दा यस मायादेवी गाउँपालिकाको वडा नं.५ स्थित हाजी ऐना तुल्लाह मा.वि.मा संचालनमा रहेको प्राविधिक धार (कक्षा ९-१०) इलेक्ट्रिकलको विगत ३ वर्ष देखि विद्यार्थी भर्ना नभई पठन पाठन संचालन नभएको सन्दर्भमा शिक्षा समितिको मितिः२०८०/०४/१७ को बैठकको निर्णयबाट पेश भएको व्यहोरा छलफल भयो सो सम्बन्धमा थप छलफल एवम् समन्वय गरी आवश्यक कारवाही अगाडि बढाउने निर्णय गरियो ।